# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्रीमती चन्द्रकला किरण जेनेभामा हुने अन्तर्राष्ट्रिय श्रम संगठनको ७५ औं महाधिवेशन र सोको पूर्वतयारी समिति समेतको बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री तेजप्रसाद उपाध्यायलाई मिति २०४५।२।१४ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना २

जलस्रोत मन्त्रालयका का. मु. सचिव श्री भुवनेशकुमार प्रधान नेपाल–भारत सचिवस्तरीय वार्तामा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव सरहका अधिकृत श्री हिरण्यजीत मल्ललाई मिति २०४५।२।१७ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

## महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको मिति २०४५।१।२७ को निर्णय अनुसार यस विभागका राजपत्राङ्कित द्वितीय श्रेणी तह– २ का देहायका उपनिर्देशकहरूलाई लेखापरीक्षण सेवा राजपत्राङ्कित द्वितीय श्रेणी तह– १ निर्देशक पदमा मिति २०४५।१।२७ देखि बढुवा नियुक्ति गरी यसै विभागमा पदस्थापन गरिएको छ।

१. श्री हरिबहादुर खड्का
२. श्री कृष्णप्रसाद न्यौपाने।

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।